नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय

राष्ट्रिय तथ्याङ्क कार्यालय

# तथ्याङ्क समन्वय कार्यालय

## सुर्खेत

सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ र

सूचनाको हकसम्बन्धी नियमावली,२०६५ को नियम ३ बमोजिम

सार्वजनिक गरिएको

# २०८१ श्रावण, भाद्र, असोज

## सम्पादित प्रमुख क्रियाकलापहरूको विवरण

२०८१ कार्तिक

# स्वत:प्रकाशन(Proactive Disclosures )

## आ.व.२०८०/०८१ (२०८१ साल श्रावण देखि असोज मसान्त सम्मको विवरण )

**कार्यालयको परिचयः**

विगतमा तथ्याङ्क ऐन २०१५ मा ब्यवस्था भए बमोजिम केन्द्रीय तथ्याङ्क विभाग राष्ट्रिय योजना आयोगको सचिवालय अन्तरगत वि.सं.२०१५ साल मार्ग १५ गते स्थापना भएको हो। साविकको केन्द्रीय तथ्याङ्क विभाग तथ्याङ्क ऐन २०७९ बमोजिम वि.सं.२०७९ साल आश्विन २८ गते देखि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मातहत राष्ट्रिय तथ्याङ्क कार्यालयमा परिणत भएको छ। ऐन अनुसार राष्ट्रिय तथ्याङ्क कार्यालयको प्रमुखको रुपमा संघीय निजामती सेवाको विशिष्ट श्रेणीको प्रमुख तथ्याङ्क अधिकारी रहने व्यवस्था छ। साविकको केन्द्रीय तथ्याङ्क विभाग र हालको राष्ट्रिय तथ्याङ्क कार्यालयको कार्य सम्पादनमा सहयोग पु-याउने उद्देश्यले विगतमा क्षेत्रीय तथ्याङ्क कार्यालय रहेकोमा वि.सं. २०५० साल श्रावण १ गते देखि सुर्खेत,दैलेख र कालिकोट जिल्ला कार्य क्षेत्र हुने गरी शाखा तथ्याङ्क कार्यालय सुर्खेतको स्थापना भएकोमा मिति २०७० साल चैत्र १ गते देखि कार्यालयको नाम परिवर्तन भई तथ्याङ्क कार्यालय, सुर्खेत भएको हो। हाल सुर्खेत, दैलेख ,जाजरकोट ,रुकुम पश्चिम र सल्यान गरी पाँच जिल्ला कार्यक्षेत्र रहने गरी तथ्यांक समन्वय कार्यालय, सुर्खेत कर्णाली प्रदेशको राजधानी सुर्खेत वीरेन्द्रनगर नगरपालिका वडा नं.७, इत्राम स्थित आफ्नै कार्यालय भवनमा रहेको छ।

**कार्यालयको काम,कर्तव्य र अधिकार:**

राष्ट्रिय तथ्याङ्क कार्यालयले तथ्याङ्क समन्वय कार्यालय सुर्खेत लगायत मातहतका १८ जिल्लामा रहेका तथ्याङ्क समन्वय कार्यालयहरूको लागि निर्धारित गरिएका कार्यहरू देहाय बमोजिम रहेका छन्

- तथ्याङ्क कार्यालयबाट आफ्नो क्षेत्रमा सञ्चालन गरिने गणना एवं सर्वेक्षणमा संलग्न हुने,
- राष्ट्रिय तथ्याङ्क कार्यालयबाट जिल्लास्तरमा सञ्चालन हुने तालिम कार्यमा सघाउ पुर्याउने र स्थानीय स्तरमा कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने तालिम सञ्चालन गर्ने, राष्ट्रिय तथ्याङ्क कार्यालयबाट जिल्लास्तरमा सञ्चालन हुने तालिम कार्यमा सघाउ पुर्याउने र स्थानीय स्तरमा कार्यक्रम सञ्चालन गर्न राष्ट्रिय आवश्यक पर्ने तालिम सञ्चालन गर्ने,
- आवश्यकता अनुसार प्राथमिक तथा द्धितियक तथ्याङ्क संकलन तथा प्रसोधन गर्ने,
- प्रदेश र कार्यक्षेत्र अन्तर्गतका जिल्ला एवमं स्थानीय तहको वस्तुगत विवरण तयार पार्ने ,
- योजना, नीति निर्माण, अध्ययन अनुसन्धान एवम अनुगमन मुल्यांकनको लागि आवश्यक तथ्याङ्क उपलब्ध गराउने,
- तथ्याङ्क विकासका लागि पैरवी र सुझाव उपलब्ध गराउने,
- वडा र गणना क्षेत्रको सीमाना, धरातल र घर परिवारको निर्दिष्ट स्थान छुट्ट्याउने गरी नक्सांकन गर्ने ,
- जिल्लास्तरीय तथ्याङ्कीय क्रियाकलापहरूको समन्वय गर्ने,
- तथ्याङ्कीय अभिलेखहरूको संरक्षण,
- तथ्याङ्कको गुणस्तरतामा निरन्तरता र एकरुपता कायम गरी विभिन्न निकायसँग समन्वय गर्ने।

**कर्मचारीको दरबन्दी तेरिज र पदपूर्तिको अवस्था:**

| क्र.सं. | पद | श्रेणी | सेवा | समुह | पद संख्या | पदपूर्ति | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | तथ्याङ्क समन्वय अधिकारी | रा. प. द्धितीय | ने. आ.यो. तथा तथ्याङ्क | तथ्याङ्क | १ | १ | |
| २ | तथ्याङ्क अधिकृत | रा. प. तृतीय | ने. आ.यो. तथा तथ्याङ्क | तथ्याङ्क | २ | २ | |
| ३ | सुपरिवेक्षक | रा. प. अनं.प्रथम | ने. आ.यो. तथा तथ्याङ्क | तथ्याङ्क | ५ | २ | लो.से.आ.मा माग भएको |
| ४ | गणक | रा. प. अनं.द्धितीय | ने. आ.यो. तथा तथ्याङ्क | तथ्याङ्क | ५ | ४ | लो.से.आ.मा माग भएको |
| ५ | खरीदार | रा. प. अनं.द्धितीय | नेपाल प्रशासन | सामान्य प्रशासन | २ | २ | |
| ६ | सहलेखापाल | रा. प. अनं.द्धितीय | नेपाल प्रशासन | लेखा | १ | १ | |
| ७ | कार्यालय सहयोगी | श्रेणी विहिन | नेपाल प्रशासन | सामान्य प्रशासन | २ | १ | १ करार |
| जम्मा | | | | | १८ | १३ | |

**कर्मचारी विवरण:**

| क.सं. | नाम,थर | दर्जा | मोवाइल नं. | सम्बन्धित फाँट |
|---|---|---|---|---|
| १. | विनोद आचार्य | तथ्याङ्क समन्वय अधिकारी | ९८५८०८७०६६ | |
| २. | केशर वली | तथ्याङ्क अधिकृत | ९८६७०२५४३४ | तथ्याङ्क शाखा |
| ३. | ठाकुर प्रसाद लामिछाने | तथ्याङ्क अधिकृत | ९८५७८३०२३८ | प्रशासन शाखा |
| ४. | जनक वोहरा | सुपरीवेक्षक | ९८४९८१२८५९ | प्रकाशन फाँट |
| ५. | प्रेम बहादुर डाँगि | सुपरीवेक्षक | ९८५८०२७८२५ | राष्ट्रिय लेखा फाँट |
| ६. | शैलेन्द्र पुन | गणक | ९८६८९३१४३३ | मूल्य तथ्याङ्क फाँट |
| ७. | दामोदर गौतम | गणक | ९८४८००५२५८ | गणना फाँट |
| ८. | अर्जुन बि.क. | गणक | ९८६४९४३७१० | सर्वेक्षण फाँट |
| ९. | विस्र बहादुर वुढा | खरिदार | ९८४११३१३४४ | स्टोर तथा खरिद फाँट |
| १०. | उमेश कुमार कार्की | खरिदार | ९८४३४००१९९ | कर्मचारी प्रशासन तथा तालिम फाँट |
| ११. | कृष्णा सिंह रायमाझी | सहलेखापाल | ९८६८९५८८२३ | आर्थिक प्रशासन तथा लेखा फाँट |
| १२. | बालाराम थारु | कार्यालय सहयोगी | ९८६८०७४८६३ | |

**कार्यालयबाट जारी भएको नागरिक बडापत्र:**

| क्र.सं. | प्रदान गरिने सेवा तथा कार्य विवरण | आवश्यक कागजात | लाग्ने समय | लाग्ने दस्तुर | जिम्मेवार पदाधिकारी | अनुगमन गर्ने | उजुरी सुन्ने अधिकारी |
|---|---|---|---|---|---|---|---|
| १. | विभिन्न गणना तथा सर्वेक्षणहरूबाट प्राप्त तथ्यांक उपलब्ध गराउने | विवरण खुलेको निवेदन | तत्काल | निःशुल्क | गणक / सुपरिवेक्षक | तथ्याङ्क अधिकृत | कार्यालय प्रमुख |
| २. | राष्ट्रिय तथ्यांक कार्यालय र यस कार्यालयबाट प्रकाशित तथ्याङ्क वितरण गर्ने | विवरण खुलेको निवेदन | तत्काल | निःशुल्क | गणक / सुपरिवेक्षक | तथ्याङ्क अधिकृत | कार्यालय प्रमुख |
| ३. | विभिन्न अध्ययन अनुसन्धान कार्यका लागि तथ्यांक व्यवस्थापनमा सहयोग एवं समन्वय गर्ने | सम्बन्धित निकायको स्वीकृत पत्र र अध्ययनको प्रस्तावपत्र सहित निवेदन | आवश्यकता अनुसार | निःशुल्क | गणक / सुपरिवेक्षक | कार्यालय प्रमुख | कार्यालय प्रमुख |
| ४. | तथ्यांकीय कृयाकलापमा समन्वय गर्ने | सम्बन्धित निकायको पत्र वा विवरण खुलाएको निवेदन | आवश्यकता अनुसार | निःशुल्क | गणक / सुपरिवेक्षक | तथ्याङ्क अधिकृत | कार्यालय प्रमुख |
| ५. | जिल्ला स्थानीय/ तहको वस्तुगत विवरणसम्बन्धी तथ्याङ्क उपलब्ध गराउने | विवरण खुलेको निवेदन | तत्काल | निशुल्क | गणक / सुपरिवेक्षक | तथ्याङ्क अधिकृत | कार्यालय प्रमुख |
| ६. | पुस्तकालयमा अध्ययनका लागि | मौखिक अनुरोध | तत्काल | निःशुल्क | गणक / सुपरिवेक्षक | तथ्याङ्क अधिकृत | कार्यालय प्रमुख |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | स्थान उपलब्ध गराउने । | | | | | | |
| ७. | सूचनाको हक सम्बन्धी ऐन, २०६४, बमोजिम सार्वजनिक सरोकारका सूचना उपलब्ध गराउने | विवरण खुलेको निवेदन | आवश्यकता अनुसार | निःशुल्क | सूचना अधिकारी | तथ्याङ्क अधिकृत | कार्यालय प्रमुख |

**कार्यालयलबाट सम्पादन हुने मूख्य कार्यहरु:**

यस कार्यालयबाट सम्पादन हुने कार्यलाई मुख्यत: दुई किसिमबाट विभाजन गरीएको छ ।
१) नियमित वार्षिक रुपमा गरिने कार्यहरु:

- त्रैमासिक/ वार्षक राष्ट्रिय लेखा तथ्याङ्क
- औद्योगिक उत्पादन मुल्य तथ्याङ्क
- निर्माण सामग्री मुल्य तथ्याङ्क
- कृषि उत्पादन मुल्य तथ्याङ्क
- व्यवसायीक रजिष्टर अद्यावधिक
- जी.आई.एस. तथा कार्टोग्राफि
- राष्ट्रिय तथ्यगत विवरण
- स्थानीय स्तरमा तथ्याङ्कीय कृयाकलापको समन्वय
- वस्तुगत विवरण तथा ब्रोसर निर्माण
- तथ्याङ्क प्रयोगकर्तालाई तथ्याङ्क उपलब्ध गराउने आदि ।

२) आवधिक रुपमा गरिने कार्यहरु:

- राष्ट्रिय जनगणना हरेक १० वर्षको अन्तरालको हुने
- राष्ट्रिय कृषिगणना हरेक १० वर्षको अन्तरालको हुने
- औद्योगिक गणना हरेक ५ वर्षको अन्तरालमा हुने
- आर्थिक गणना हरेक ५ वर्षको अन्तरालमा हुने
- अन्य आर्थिक तथा सामाजिक सर्वेक्षणहरु

यसका अतिरिक्त राष्ट्रिय तथ्याङ्क कार्यालयबाट सञ्चालन हुने अन्य विभिन्न आर्थिक तथा सामाजिक विषयसँग सम्बन्धित सर्वेक्षणका कार्यहरु ,जस्तै नेपाल जीवणस्तर सर्वेक्षण, नेपाल श्रम शक्ति सर्वेक्षण, नेपाल बहुसूचक सर्वेक्षण, घरपरिवार सर्वेक्षण, नाफा नकमाउने संस्थाहरुको सर्वेक्षण, साना उद्योग सर्वेक्षण, व्यवसायीक कुखुरा पालन सर्वेक्षण, संस्थागत शिक्षण संस्थाहरुको सर्वेक्षण, कृषि वन तथा वातावरण संग सम्बन्धित सर्वेक्षण आदिमा यस कार्यालय संलग्न हुँदै आइरहेको छ ।

**आर्थिक वर्ष २०८१/८२ को वार्षिक कार्यक्रम,वजेट तथा त्रैमासिक खर्च:**

| क्र.सं. | कार्यक्रमक्रियाकलाप / | वार्षिक वजेट रु. | प्रथम त्रैमासिक वजेट रु. | प्रथम त्रैमासिक खर्च रु. |
|---|---|---|---|---|
| १ | त्रैमासिक राष्ट्रिय लेखा तथ्याङ्क संकलन तथा अनुगमण | २००००० | ५०००० | ४१६०० |
| २ | वार्षिक राष्ट्रिय लेखा तथ्याङ्क संकलन तथा अनुगमण | २४०००० | ० | |
| ३ | व्यवसायिक कुखुरा पालन सर्वेक्षण सूचिकरण कार्यको स्थलगत तथ्याङ्क संकलन तथा निरिक्षण | ५०००० | ५०००० | ४१४८० |
| ४ | व्यवसायिक कुखुरा पालन सर्वेक्षणको मुख्य फिल्ड कार्य तथा निरिक्षण | ५०००० | ५०००० | ९२०० |
| ५ | त्रैमासिक औद्योगिक उत्पादन तथा मूल्य सूचकाङ्कको लागि तथ्याङ्क संकलन तथा सुपरिवेक्षण कार्य | ३२०००० | ८०००० | ० |
| ६ | अन्तर्राष्टिय तुलना कार्यक्रम (ICP) सम्बन्धी मूल्य तथ्याङ्क संकलन र सुपरिवेक्षण कार्य | १४१००० | ४७००० | ३०२०० |
| ७ | कृषि तथ्याङ्क संकलन एवं संकलनमा सहजिकरणको लागि अगुवा किसानलाई यातायात खर्च र फिल्ड सुपरिवेक्षण | ९६००० | २४००० | ० |
| ८ | निर्माण क्षेत्रको सर्वेक्षणको लागि तथ्याङ्क संकलन र सुपरिवेक्षण कार्य | १२०००० | ३०००० | ३०००० |
| ९ | नेपाल तथ्याङ्कीय रजिष्टर निर्माण तथ्याङ्क अद्यावधिक | ३५०००० | १५०००० | १५०६५० |
| १० | नेपाल तथ्याङ्कीय रजिष्टर निर्माण तथ्याङ्क अद्यावधिक सुपरिवेक्षण | ५१००० | ० | |
| ११ | मत्य तथा वन तथ्याङ्क अद्यावधिक गर्ने कार्यको लागि तथ्याङ्क संकलन | २००००० | ० | |
| १२ | तथ्याङ्क समन्वय कार्यालय मार्फत स्थानीय तहमा राष्टिय तथ्यगत विवरण (NDP) को कार्यान्वियनको अनुगमण | १४०००० | ७०००० | ३४३०० |
| १३ | तथ्याङ्क समन्वय कार्यालय मार्फत स्थानीय तहमा राष्टिय तथ्यगत विवरण (NDP) को कार्यान्वियन सम्बन्धी समिक्षा गोष्ठी | ४००००० | १००००० | ० |
| १४ | गणना तथा सर्वेक्षणहरुसँग सम्वन्धित सरोकारवालाहरुसँग अन्तर्क्रिया तथा छलफल | २००००० | ० | |
| १५ | NPISHs सम्बन्धी सूचिकरण गर्ने तथा अद्यावधिक गर्ने | ५०००० | ५०००० | ० |
| १६ | वार्षिक प्रगति प्रतिवेदन २०८१ | ३०००० | ३०००० | ० |
| १७ | आर्थिक गणनाको तथ्याङ्क आवश्यकता विषयमा सरोकारवालासँग प्रदेश/ जिल्ला तहमा अन्तर्क्रिया/ गोष्ठी | ११८००० | ११८००० | ० |
| १८ | जिल्लामा आर्थिक गणनाको प्रश्नावली परिक्षण | ६०००० | ६०००० | ५१३०० |
| १९ | आन्तरिक पर्यटक सर्वेक्षणको स्थलगत तथ्याङ्क संकलनको लागि भ्रमण खर्च | ११९०००० | ३०६००० | ४११५० |
| २० | कृषि उत्पादक मूल्य अन्तर्गत अगुवा कृषकलाई प्रोत्साहन खर्च | ९०००० | ० | |
| २१ | ब्रोसर तयारी तथा छपाई कार्य | २००००० | १००००० | ० |

| | | | | |
|---|---|---|---|---|
| २२ | निजी शिक्षण संस्था सर्वेक्षणको तथ्यांक संकलनका लागि खटिने गणकको तलब/ दैनिक भ्रमण भत्ता रकम (करार र काजमा लिने दुवै गणकको लागि) | १०००० | ० | |
| २३ | विभिन्न सूचकहरु सहितको प्रदेश वस्तुगत विवरण तयारी तथा प्रकाशन | ८००००० | १५०००० | १७९२० |
| २४ | तथ्याङ्क संकलन अनुगमण तथा सुपरिवेक्षणका लागि खटिने गणकको दैनिक भ्रमण भत्ता रकम करार गणकको लागि समेत (रा.ले. Rebasing सम्बन्धि कार्य) | १००००० | ० | |
| २५ | गणना तथा सर्वेक्षणहरुसँग सम्वन्धित सरोकारवालाहरुसँग अन्तर्क्रिया तथा छलफल (रा. ले. Rebasing सम्बन्धि कार्य) | ३०००० | ० | |
| २६ | विविध खर्च (फोटोकपी तथा कार्यालय सञ्चालन खर्च) (रा.ले. Rebasing सम्बन्धि कार्य | २५००० | २५००० | ० |
| २७ | निजी शिक्षण संस्था सर्वेक्षणको स्थलगत तथ्याङ्क संकलन कार्यको अनुगमण तथा निरिक्षण | १०००० | ० | |
| २८ | विभिन्न स्थानीय तहहरुमा तथ्याङ्कीय साक्षरता तथा क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन | ४००००० | २००००० | १०६००० |
| २९ | तथ्याङ्क संकलनका लागि खटिने करारका गणकको लागि ४ महिनाको तलब डाटा Entry अवधी समेत (रा.ले. Rebasing सम्बन्धि कार्य) | १०००० | १००० | ० |
| ३० | ३ वटा पालिकाको प्रोफाईल तयारीको लागि तथ्याङ्क संकलन तथ्याङ्क प्रविष्टि सम्पादन सुपरिवेक्षण तथा छपाई | ५६२००० | १००००० | ० |
| ३१ | Ratio Method Of Population Projection प्रयोग गरी तथ्याङ्क समन्वय कार्यालय अन्तर्गतका सबै स्थानीय तहहरुको Population Profile अद्यावधिक गर्ने कार्य | ६००००० | ६००००० | ० |
| ३२ | कार्यालय भवन रङ्गरोगन,मर्मत,पर्टेशन,वायरिङ तथा सुधार | ९००००० | ९००००० | ८९३७४६ |
| ३३ | कार्यालय सञ्चालनका लागि आवश्यक मेशिनरी खरिद | ४००००० | ४००००० | २१३००५ |
| ३४ | कार्यालयका लागि आवश्यक फर्निचर तथा फिक्चर्स खरिद | १००००० | १००००० | ९९८९२ |

**बजेटको प्रकृति अनुसार खर्च सम्बन्धी विवरण (२०८१ श्रावण देखि असोज सम्म):**

| क्र.सं. | विवरण | वार्षिक वजेट रु | त्रैमासिक वजेट रु | त्रैमासिक खर्च रु | त्रैमासिक वित्तीय प्रगति | खर्च प्रयोजन |
|---|---|---|---|---|---|---|
| १. | **चालु** | २२७७२००० | ७२०७००० | ३३०१००९ | ४५.८० | तलव भत्ता, प्रशासनिक खर्च, कार्यक्रम खर्च |
| २. | **पुँजिगत** | १४००००० | १४००००० | १२०६६४३ | ८६.१९ | फर्निचर, मेशिनरी, पुँजिगत निर्माण तथा सुधार खर्च |
| **कूल वजेट** | | २४१७२००० | ८६०७००० | ४५०७६५२ | ५२.३७ | |

**कार्यालयसँग सम्बन्धित ऐन, नियम तथा कार्यविधि:**

- तथ्याङ्क ऐन, २०७९
- तथ्याङ्क नियमावली, २०८०

**कार्यालय प्रमुख र सूचना अधिकारीको विवरण:**

**१) कार्यालय प्रमुख:**

- नाम- विनोद आचार्य
- पद- तथ्याङ्क समन्वय अधिकारी
- सम्पर्क नम्बर- ९८५८०८७०६६

**२) सूचना अधिकारी:**

- नाम- ठाकुर प्रसाद लामिछाने
- पद- तथ्याङ्क अधिकृत
- सम्पर्क नम्बर- ९८५७८३०२३८

**कार्यालयको सम्पर्क ठेगाना:**

तथ्याङ्क समन्वय कार्यालय, विरेन्द्रनगर सुर्खेत

वेव साइट :- www.sosurkhet.nsonepal.gov.np

ईमेल :- sosurkhet@nsonepal.gov.np

फो.नं. :- ०८३-५२०२०४